☎ ०४४-५५०६७५

नेपाल सरकार

# बर्दिबास नगरपालिकाको कार्यालय

बर्दिबास, महोत्तरी

पत्र संख्या : स्टोर ०७३।०७४

च.नं :- ८५५

मिति : २०७३।५।१०

विषय : **सडक अतिक्रमण खाली गर्ने सम्वन्धमा ।**

श्री सम्वन्धित सवै

........................... ।

उपरोक्त सम्वन्धमा यस नगरपालिका क्षेत्र भित्र पर्ने बनेपा-सिन्धुली-बर्दिवास सडक खण्ड, पूर्व पशिचम राजमार्ग, औरही- जलेश्वर सडक खण्ड र नगर भित्रका अन्य साना सडकहरुमा सडकको क्षेत्राधिकार भित्र रहेको दायाँ बायाँको क्षेत्रमा अतिक्रमण गरी घर टहरा निर्माण गर्ने, विभिन्न किसिमका सवारी साधनहरु अव्यवस्थित रुपमा पार्किङ्ग गर्ने, ठेला, टहरा राखी व्यापार व्यवशाय गर्ने, नाङ्गले पसल राख्ने, निर्माण सामाग्री थुपार्ने, पशु चौपायहरु छाडा छोडने लगायतका कार्य केही दिन देखि तिव्र रुपमा बढ्दै गएको छ। जस्का कारण एकातिर सडकमा निर्वाध रुपले सवारी यातायात चल्न र बटुवा हिड्न समेत कठिनाई भएको छ भने अर्को तिर दिन प्रतिदिन सडक दुर्घटनाको खतरा बढ्दै गई नगरको सौन्दर्यमा समेत बाधा पर्न गएको छ । तसर्थ सडक क्षेत्र अतिक्रमण गरी बनाईएका घर टहराहरु, अव्यवस्थित रुपमा गरेका पार्किङ्गहरु, व्यापार व्यवशायहरु हटाई सम्भावित दुर्घटनाबाट जोगिन र नगरको सौन्दर्य राख्न सहयोग गर्न सवैमा अनुरोध गरिन्छ । साथै यस अनुरोधलाई अटेर वा आलटाल गरी सडक अतिक्रमण गरी घरटहरा निर्माण गर्ने, सवारी साधनको अव्यवस्थित पार्किङ्ग गर्ने वा व्यापार व्यवशाय गरी बसेमा, निर्माण सामाग्री थुपारेमा साथै पशु चौपाया छाडा छोडेमा स्थानीय प्रहरी प्रशासन लगायत सवैको सहयोगमा हटाई कानूनी कार्वाही गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

राज कुमार कार्की
कार्यकारी अधिकृत

वोधार्थ:-

श्री जिल्ला प्रशासन कार्यालय, महोत्तरी ।
श्री जिल्ला विकास समितिको कार्यालय
महोत्तरी, जलेश्वर ।
श्री जिल्ला प्रहरी कार्यालय, महोत्तरी ।
श्री बनेपा-सिन्धुली-बर्दिवास सडक योजना
मिनभवन, काठमाडौं : सडक क्षेत्र भित्रको अतिक्रमण हटाउन आवश्यक सहयोगका लागि ।
श्री डिभिजन सडक कार्यालय, मुजेलिया,जनकपुर : **सडक क्षेत्र भित्रको अतिक्रमण हटाउन आवश्यक सहयोगका लागि साथै बर्दिवास चौकमा सडक भित्र रहेको हरियाली क्षेत्रको व्यवस्थापन गरी नगरको सौन्दर्यकरणमा समेत सहयोग गरी दिन हुन समेत अनुरोध छ ।**
श्री एकिकृत सेवा केन्द्र, बर्दिवास, महोत्तरी ।
श्री जिल्ला ट्राफिक कार्यालय, महोत्तरी, बर्दिवास: आवश्यक सहयोगका लागि ।
श्री ईलाका प्रहरी कार्यालय, महोत्तरी : आवश्यक सहयोगका लागि ।
श्री रेडियो सुनगाभा/बर्दिवास र द पब्लिक टुडे : समाचार र विज्ञापनको रुपमा प्रचार प्रसार गरी दिन हुन ।